नेपाल सरकार

# ऊर्जा मन्त्रालय

## प्रेस विज्ञप्ति

मिति : २०६७।२।२३

सप्तकोशी उच्चबाँच बहुउद्देश्यीय आयोजनाको विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गर्नका लागि हाल भइरहेको अध्ययन कार्य रोक्नका लागि अनुरोध गर्दै केही स्थानीय सरोकारवाला समूहहरु तथा लिम्बुवान राष्ट्रिय मुक्ति मोर्चा नेपाल र किराँती राष्ट्रिय मुक्ति मोर्चा नेपालद्वारा जारी भएको संयुक्त प्रेस विज्ञप्ति सम्बन्धमा यस मन्त्रालयको ध्यानाकर्षण भएको छ ।

सप्तकोशी उच्चबाँध बहुउद्देश्यीय आयोजना तथा सुनकोशी स्टोरेज कम डाईभर्सन आयोजनाको विस्तृत आयोजना प्रतिवेदन तयार गर्न आवश्यक पर्ने स्थलगत अध्ययन एवं अन्वेषण तथा अन्य प्राविधिक अध्ययन कार्यका लागि नेपाल तथा भारत सरकारको सहमति अनुरुप संयुक्त आयोजना कार्यालय “सप्तकोशी सुनकोशी अन्वेषण” वि.सं. २०६१ मा स्थापना भएको हो । विगतमा भएका आयोजनाका अध्ययनहरुमा आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय पक्षहरुको अध्ययन नभएको र प्राविधिक अध्ययनमा पनि वर्तमान परिवेशमा अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको गहनता नभएको कारण पुनः अध्ययन गर्नुपरेको हो । स्थलगत अन्वेषण र अध्ययनबाट प्राप्त हुने समग्र तथ्यांकहरुको विश्लेषणबाट प्राविधिक परिसुचकहरुको अन्तिम रुपमा पुनर्निर्धारण गरी DPR तयार गर्ने प्रयोजनका लागि संयुक्त रुपमा नै प्राविधिक, आर्थिक, सामाजिक तथा वातावरणीय पक्षहरुको अध्ययन कार्य भइरहेको छ ।

यसै सिलसिलामा सप्तकोशी बहुउद्देश्यीय आयोजनाको विभिन्न पक्षहरुको सम्बन्धमा आयोजना क्षेत्रमा विभिन्न चरणमा स्थानीय समुदायहरुसँग अन्तरक्रिया कार्यक्रमहरु भएका थिए र त्यस्तै अन्तरक्रिया कार्यक्रमहरु आवश्यकता अनुसार भविष्यमा पनि सञ्चालन गरिने छन् । हाल भइरहेको अध्ययन कार्य DPR तयार गर्नका लागि मात्र केन्द्रित रहेको र सो कार्यमा नेपाली तथा भारतीय प्राविधिकहरु सरीक भई संयुक्त रुपमा अध्ययन गरिरहेका छन् । आयोजनाबाट प्राप्त हुने लाभ तथा हानी सम्बन्धी विस्तृत जानकारी DPR तयार गरिसकेपछि मात्र थाहा हुने र त्यसपछि मात्र सो आयोजनाको निर्माण कार्य अघि बढाउने वा नबढाउने विषयको टुंगो लाग्ने भएको साथै उक्त DPR राष्ट्रको सम्पत्तिको रुपमा रहने हुँदा आयोजनाको अध्ययन कार्य सुचारु गर्न गराउन सबै सरोकारवाला व्यक्ति, समुह, राजनैतिक पार्टीहरुको आवश्यक सहयोगका लागि अनुरोध गर्दछौं ।

**अनुप कुमार उपाध्याय**
सहसचिव एवम् प्रवक्ता